देवघाट गाउँपालिका, गाउँसभा

एघारौ अधिवेशन, मितिः २०७९ पौष २५ गते

<u>कार्यसुची/प्रस्ताव तथा निर्णयहरु</u>

(०१) कार्ययसूची/प्रस्तावः- चालु आ.व. २०७९।०८० को नीति तथा कार्यक्रममा संशोधनः

निर्णय नं.(०१): चालु आ.व. २०७९।०८० को नीति तथा कार्यक्रममा संशोधन प्रस्ताव सभामा प्रस्तुत भई छलफल पश्चात सर्वसम्मतले परित गरियो ।

(०२) कार्ययसूची/प्रस्तावः- चालु आ.व. २०७९।०८० को योजना, कार्यक्रम तथा बजेटमा संशोधन प्रस्तावः

निर्णय नं.(०२): चालु आ.व. २०७९।०८० को योजना, कार्यक्रम तथा बजेटमा संशोधन प्रस्ताव सभामा प्रस्तुत भई छलफल पश्चात सर्वसम्मतले परित गरियो ।

(०३) कार्ययसूची/प्रस्तावः- देवघाट गाउँपालिकाको आर्थिक ऐन २०७९ लाई संशोधन गर्न बनेको विधेयक २०७९ पेशः

निर्णय नं.(०३): देवघाट गाउँपालिकाको आर्थिक ऐन २०७९ लाई संशोधन गर्न बनेको विधेयक २०७९ देवघाट गाउँपालिकाको आर्थिक ऐन २०७९ लाई संशोधन गर्न बनेको विधेयक २०७९ सभामा पेश भई छलफल पश्चात सर्वसम्मतले परित गरियो ।

(०४) कार्ययसूची/प्रस्तावः- देवघाट गाउँपालिकाको ढुङ्गा, गिट्टी, बालुवा, माटो उत्खनन्, संकलन, बिक्री तथा ब्यवस्थापन सम्बन्धी (कार्यविधि) नियमावली २०७९ पेशः

निर्णय नं.(०४): देवघाट गाउँपालिकाको ढुङ्गा, गिट्टी, बालुवा, माटो उत्खनन्, संकलन, बिक्री तथा ब्यवस्थापन सम्बन्धी (कार्यविधि) नियमावली २०७९ सभामा पेश भई छलफल पश्चात सर्वसम्मतले परित गरियो ।

(०५) कार्ययसूची/प्रस्तावः- लेखा समितिको गठनः

निर्णय नं.(०५): लेखा समितिको दशौ गाउँसभामा गठन भएकोमा त्यसमा हेरफेर गरि गठन गर्न सभामा प्रस्ताव पेश भएकोमा छलफल पश्चात तपसिल अनुसार गठन निर्णय गरियो ।

<u>तपसिल</u>

(१) श्री याम बहादुर मगर - संयोजक

(२) श्री कमला गुरुङ्ग - सदस्य

(३) श्री यम बहादुर मगर - सदस्य

(०६) विविधः-

क) देवघाट-५, क्वादी खानेपानी आयोजनाको लागि बजेट नपुग भएको तथा संघीय सरकारबाट बजेट सुनिश्चित नभएकोले उक्त आयोजनाको बाँकी काम नगरी ठेक्का तोड्ने र ठेकेदार (निर्माण ब्यवसायी) लाई कारवाही, दण्ड जरिवाना नगर्ने निर्णय गरियो ।

तिल बहादुर थापा

ख) अघिल्ला आर्थिक वर्षहरुमा काम सम्पन्न भएकोमा भुक्तानी बाँकीमा भएको वा नभएको तर रकम भुक्तानी नभएको तर आयोजनाको सम्बन्धमा र राजस्व फिर्ता पाउनु पर्ने भनि दाबि गरिएको विषयमा आवश्यक छानविन गरी समाधान गर्न कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

ग) यस गाउँपालिकामा साविकमा रहेको रोजगार प्रवर्धन तथा गरिवी निवारण इकाईको नाम संशोधन गरी सुरक्षित वैदेशिक रोजगार प्रवर्धन तथा गरिवी निवारण इकाई कायम गर्ने निर्णय गरियो ।

तिल बहादुर थापा
अध्यक्ष

# देवघाट गाउँपालिका, गाउँ सभा

दशौ अधिवेशनमा स्विकृत भएको नीति तथा कार्यक्रममा केही नीति तथा कार्यक्रम थप गर्न वाञ्छनीय भएकोले देहाय अनुसार नीति तथा कार्यक्रम थप गरिएको छ।

(१) स्वास्थ्य नीति तथा कार्यक्रमः

- धर्मार्थ अस्पतालमा २४ घण्टे सेवा संचालन भएकोले सोही अनुसार ल्याब संचालन गर्न १ जना ल्याब टेक्निसियन थप गरी करार/ज्यालादारीमा नियुक्ति गरिनेछ ।
- स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन थप कार्यक्रम तथा बजेटको ब्यवस्था गरिनेछ ।

(२) भूमि ब्यवस्थापन तथा भूमिहिन सुकुम्बासी र अब्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाण पुर्जा वितरण कार्यक्रम तथा गाउँपालिकाको घर नक्शालाई ब्यवस्थित गर्न भूमि सम्बन्धि अन्य विवाद समाधान गर्न करार/ज्यालादारीमा एक अमिन नियुक्ति गरिनेछ ।

(३) सुरक्षा नीति तथा कार्यक्रमः

- गाउँपालिकाको सुरक्षा ब्यवस्थालाई प्रभावकारी बनाउन र चोरी निकारी तथा अवैध धन्दा/क्रियाकलाप रोक्न तथा राजस्व छली रोकी गाउँपालिकाको राजस्व वृद्धि गर्न एवं कार्यालयको आन्तरिक ब्यवस्थापन र सेवा प्रवाहलाई ब्यवस्थित गर्न करार/ज्यालादारीमा २ जना नगर प्रहरी थप नियुक्ति गरी ६ जना नगर प्रहरी परिचालन गरिनेछ ।

(४) दिगो विकास लक्ष्य स्थानियकरण नीति तथा कार्यक्रमः दिगो विकासका लक्ष्यहरुको स्थानियकरण गरि कार्यक्रम बनाइएकोमा यसलाई थप प्रभावकारी बनाइनेछ ।

तिल बहादुर थापा
अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल